मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस ५ गते सोमवार (Monday, December 20. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

प्रसाईंलाई ज्येष्ठ नागरिक चौतारीको अभिनन्दन: पृष्ठ ४



कृष्ण हुमागाँई

## पत्रकारिताबाट बिदा लिँदै सक्रिय राजनीतिमा



**झापा, पुस ५।** नेपाल पत्रकार महासंघ केन्द्रीय परिषद् सदस्य कृष्ण हुमागाँईले आफू सक्रिय पत्रकारितामा नरहने घोषणा गरेका छन्।

नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति समेत रहेका पत्रकार हुमागाँईले आफू अब सक्रिय पत्रकारितामा नरहने तर सञ्चारउद्यमीका रुपमा समाजमा स्थापित हुने घोषणा गरेका हुन्।

नेपाली कांग्रेसको १४औं जिल्ला अधिवेशनबाट सचिव पदमा निर्वाचित भएपछि पत्रकार हुमागाँईले सक्रिय पत्रकारिता छाड्ने घोषणा गरेका हुन्। उनले आइतवार नेपाल पत्रकार महासंघ झापामा पत्रकार सम्मेलन गर्दै नेपाल पत्रकार महासंघ केन्द्रीय परिषद् सदस्य र भवन निर्माण अनुगमन समिति सदस्य पदबाट समेत राजीनामा दिएका हुन्। उनले राजीनामा पत्र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई प्रदान गरे।

सञ्चारउद्यमीको रुपमा रहेर आफूद्वारा सम्पादित/प्रकाशित जय लोकतन्त्र

*(बाँकी अन्तिम पृष्ठमा)*

## दुर्घटना: तीन बर्षमा हजारभन्दा बढीको मृत्यु

**झापा, पुस ४।** सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुशासन कायम गराउन आइतवारबाट ट्रफिक सप्ताह शुरु भएको छ।

झापासहित प्रदेश-१का १४ जिल्लामा ट्राफिक सप्ताह शुरु भएको हो। आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीको आयोजना तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय झापाको संयोजनमा ट्राफिक सप्ताह शुरु भएको हो। ट्राफिक सप्ताहको उद्घाटन झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले गरेका थिए।

सात बर्षीया बालिका ऋषिका भण्डारीलाई हेल्मेट लगाएर प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले ट्राफिक सप्ताहको उद्घाटन गरेका हुन्। सप्ताहको उद्घाटन अघि बिर्तामोडमा प्रभातफेरीको समेत आयोजना गरिएको थियो।



**दुर्घटना न्यूनीकरण गर्न ट्राफिक सप्ताह शुरु**

झापाका सडक, सवारी र सडक दुर्घटनाको अवस्थाबारे जानकारी गराउँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक निशेष चापागाँईले दुर्घटना न्यूनीकरणका लागि जिल्लाका विभिन्न स्थानमा साताव्यापी रुपमा गरिने कार्यक्रमका विषयमा जानकारी गराएका थिए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## नक्कली नेरुसहित दुई जना पक्राउ

**झापा, पुस ४।** सर्लाही मलंगवा नगरपालिका-८ गोरखकालीस्थित भन्सार कार्यालय अगाडिबाट १ हजार दरको १ सय १५ थान गरी जम्मा १ लाख १५ हजार नक्कली जस्तो देखिने नेपाली रुपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा भारत बिहार राज्य सीतामढी थाना सोनवर्षा ग्राम सोनवर्षा-६ चिलरी टोल बस्ने ३७ वर्षीय आशिष भन्ने सुरेन्द्र महतो र भारत बिहार राज्य सीतामढी थाना, सोनवर्षा ग्राम, लालबन्दी चिलरी-१ बस्ने ४८ वर्षीय प्रमोदकुमार रहेका छन्।

नेपालबाट भारतको सोनवर्षातर्फ जाँदै गरेको बीआर ३० वाई ४१३९ नम्बरको मोटरसाइकललाई नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा उनीहरुको शरीर तथा मोटरसाइकल जाँच गर्दा मोटरसाइकलको डिक्की र सिटको बीचको भागबाट उक्त नक्कली जस्तो देखिने रुपैयाँ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। साथै उनीहरुको साथबाट विभिन्न दरका १ सय ७० नेपाली रुपैयाँ र विभिन्न दरका ४७ हजार ५ सय १० भारतीय रुपैयाँ समेत प्रहरीले बरामद गरेको छ।

## करणी मुद्दाको धम्की दिँदै ठगी

**सप्तरी, पुस ४।** जबरजस्ती करणी मुद्दा लगाई दिन्छु भनी एक लाख नगद ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सप्तरी खडक नगरपालिका-९ सर्पा बस्ने २५ वर्षीया रुबिना खातुन र सोही नगरपालिका लालपट्टी बस्ने ३२ वर्षीय रहमान मियाँ रहेका छन्।

रुबिनाले पीडित महिलालाई मंसीर ३ गते दिउँसो फोन गरी तेरो लोग्नेले मलाई जबरजस्ती करणी गरेको छ मुद्दा मिलाउने हो भने मलाई ४ लाख दिनुपर्छ, नदिए भोलि नै जबरजस्ती करणी मुद्दा लगाई जेल पठाईदिन्छु भनी बार्गेनिङ गरेका थिए। उनीहरुले मंसीर १० गते पीडितसँग १ लाख रकम लिई ठगी गरेको घटनामा संलग्न रहेकामध्ये रुबिनालाई पुस १ गते र रहमानलाई मंसीर २१ गते इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

## नेपालका किशोरकिशोरीलाई मोडर्ना खोप

**झापा, पुस ४।** सरकारले आइतवारदेखि देशका विभिन्न ५७ जिल्लामा किशोरकिशोरीका लागि कोभिड-१९ विरुद्धको खोप अभियान शुरु गरेको जनाएको छ।

यो अभियानमा १२देखि १७ वर्ष उमेर समूहका किशोरकिशोरीलाई अमेरिकी कम्पनी मोडर्नाले उत्पादन गरेको खोप प्रदान गरिने अधिकारीहरूले बताएका छन्। आइतवारदेखि सञ्चालित खोप अभियान पुस १४ गतेसम्म चल्ने उनीहरूको भनाइ छ।

यो अभियानमा पहिलो मात्रा खोप लगाएकाहरूलाई आगामी माघ २ गतेदेखि दोस्रो मात्रा खोप पनि दिइनेछ। खोप सल्लाहकार समितिको सुझाव अनुसार यो अभियानमा मोडर्ना खोप दिइएको अधिकारीको भनाइ छ। कूल १८ लाख ५० हजार किशोरकिशोरी लक्षित गरेर यो खोप दिन लागिएको हो। उक्त खोप अभियानबारे सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार थाहा पाउनुपर्ने मुख्य कुरा यस प्रकार छन्:-



**१. कसले पाउँछन् मोडर्ना खोप ?**

यो खोप १२ देखि १७ वर्षका किशोरकिशोरीबाहेक अरूलाई नदिइने स्वास्थ्य सेवा विभागको खोप शाखा प्रमुख सागर दाहालले जानकारी दिए।

सरकारले कुन खोप कुन समूहका व्यक्तिहरूलाई दिने भनेर खोप सल्लाहकार समितिको सुझाव अनुसार निर्णय गर्ने गर्छ। मोडर्ना खोप १८ वर्षमुनिका किशोरकिशोरीलाई दिन सल्लाहकार समितिले सिफारिस गरेअनुसार अभियान शुरु गरिएको उनले बताए।

उनका भनाइमा अहिले विभिन्न जिल्लामा सञ्चालित खोप अभियानमा विद्यालय जाने १२ देखि १७ वर्ष उमेरका विद्यार्थीलाई समेटिनेछ। स्कूले विद्यार्थीलाई दिने सुझाव अनुसार हामीले यो अभियान

*(बाँकी अन्तिम पृष्ठमा)*





## VACANCY ANNOUNCEMENT

**Mahendra Purifier Pvt. Ltd. A leading Water Treatment Industry Serving in Nepal Since 4 Years**
**WE'RE HIRING !**
**Deserving Candidates**

**Relationship Manager :-**
Salary : 25,000 + 5,000 + Maintenance +Handsome Incentives (Negotiable)
No. Of Vacancy : 10
Job Description : Sales & Marketing
Qualification : Bachelor Degree or Equivalent (Enthusiastic/ Experienced in relevant field are encouraged to apply)
Experience : Minimum 3 years in Sales & Marketing.
Location : Surunga, Birtamode, Mechinagar-10 (Dhulabari), Chandragadhi, Biratnagar, Biratchowk, Itahari, Damak, Urlabari, Dharan

**Senior Sales Officer :-**
Salary : 18,000+3,000+ Maintenance+Handsome Incentives (Negotiable)
No. Of Vacancy : 15
Job Description : Sales & Marketing
Qualification : Minimum Bachelor Degree or Equivalent
Experience : Minimum 1 year Experience in sales &marketing (Enthusiastic/ Experienced in relevant field are encouraged to apply)
Location : Surunga, Birtamode, Mechinagar-10(Dhulabari), Chandragadhi, Biratnagar, Itahari, Damak, Urlabari, Dharan, Biratchowk.

**Sales Officer :-**
Salary: 15,000+3,000+Maintenance+Handsome Incentives (Negotiable)
No. Of Vacancy : 20
Job Description : Sales & marketing
Qualification : Minimum Intermediate Level or equivalent (Enthusiastic/ Experienced in relevant field are encouraged to apply)
Experience : Fresher are Welcome
Location : Surunga, Birtamode, Mechinagar-10(Dhulabari), Chandragadhi, Biratnagar, Biratchowk, Itahari, Damak, Urlabari, Dharan
Interested candidates are encouraged to drop CV at
**hr@mahendrapurifier.com**
**Deadline: 26th December/ Poush 11**
**Head Office : Hetauda-5, Contact no: 057-525904, 9801558301**
**Web: www.mahendrapurifier.com**

## हार्दिक आभार एवम् शुभकामना

२०६३ साल पुस ५ गतेबाट शुभारम्भ भई प्रदेश नं. १ मा २०७५ साल भदौ ८ गतेबाट इलामको सूर्योदय-१२ स्थित मूर्तिडाँडाबाट रिपिटर टावर स्थापना गरी सबैतिर आफ्नो प्रशारण क्षमता बिस्तार गरी सुनाउन सफल पूर्वाञ्चलकै पहिलो १००० वाट क्षमता भएको यस पाथीभरा एफएम ९३.६ मेगाहर्जले हजुरहरुको अपार माया, साथ अनि सहयोग, हौसला पाएर आजबाट १५औं बर्ष पार गर्दै १६औं बर्षमा प्रवेश गरेको छ।

यस सुखद् अवसरमा हामी हाम्रा समस्त शेयर सदस्य, कर्मचारी, विज्ञापन दाता, श्रोता, सञ्चारकर्मी, मानव अधिकारवादी, शुभचिन्तक, राजनीतिक दल, विभिन्न संघ-संस्था, उद्यमी व्यवसायी साथै देश बिदेशमा रहनु भई हामीलाई आजसम्म पनि हौसला दिनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा हार्दिक आभार प्रकट गर्दै सहयोगको अपेक्षा गर्दछौं।

**राजेन्द्र चौलागाँई**
प्रबन्ध निर्देशक

**बलराम पराजुली**
अध्यक्ष

एवम् **पाथीभरा एफएम प्रा.लि. परिवार**
दमक-९, झापा (नेपाल)

## होटल एण्ड लज बिक्री

झापाको दमक-८ पशुहाटमा रहेको चालू अवस्थाको ग्रिन भिलेज होटल एण्ड लज सस्तो र सरल शर्तमा बिक्री या भाडामा छ। साथै होटल भएको घर, भिटा तथा जग्गासँग साट्ने इच्छुक व्यक्तिले पनि सम्पर्क गर्नुहोला।

**सम्पर्क : ९७४६८७४३८८, ९८१७९९१२४३, ९८२५९५०२६३**

## फ्ल्याट भाडामा

आवास तथा कार्यालयका लागि व्यवस्थित पार्किङ एवम् सुरक्षित कम्पाउण्डवालसहितको घरमा फ्ल्याट खाली छ।
बाल्मीकि स्कूलबाट ठीक उत्तर (दुर्गा पाञ्चायन टोल)
आवश्यक हुनेले तु-सम्पर्क गर्नुहोला।

**मोबाइल नं. : ९८२३७२६९७९**

## डा. सन्दिप चन्द्र श्रेष्ठ

**वरिष्ट फिजिसियन**
MBBS (KTM) KU. MD (JRRMMC)
**वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ**
**प्रत्येक दिन बिहान र बेलुका**
सम्पर्क : **सनसाइन मेडीसीन सेन्टर**
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३-५३४१३२)

# प्रसाईंलाई ज्येष्ठ नागरिक चौतारीको अभिनन्दन



**बिर्तामोड, पुस ४।** ज्येष्ठ नागरिक पुरानो चौतारी अर्जुनधारा-५ बैंशावारीले दुईसय २० जना बृद्धबृद्धालाई सम्मान गरेको छ ।

चौतारीले आइतवार बैशावारीमा नागरिक अभिनन्दन तथा बार्षिकोत्सव कार्यक्रमको आयोजना गरी बृद्धबृद्धालाई दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

सोही कार्यक्रममा सामाजिक, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन गर्दै झापा बिर्तामोडको बीएण्डसी शिक्षण अस्पताल तथा क्यान्सर अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईलाई नागरिक अभिनन्दन समेत गरिएको थियो ।

चौतारीका अध्यक्ष जीवनकुमार खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि समेत रहेका प्रसाईलाई सम्मान-पत्रले नागरिक अभिनन्दन गरिएको थियो ।

उमाकान्त निरौला र टीकादेवी निरनैलासहित निरौला परिवाले चौतारीको भवनका लागि प्रदान गरेको एक कठ्ठा जग्गामा उक्त स्थानका बृद्धबृद्धाका लागि भवन निर्माण गर्न आफूले सहयोग गर्ने प्रसाईले बताएका छन् ।

कार्यक्रममा अर्जुनधारा नगरपालिका वडा नं. ५का अध्यक्ष ध्यानबहादुर भारती, समाजसेवी राजेन्द्र थापा, प्रमुख अतिथि प्रसाईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, एक सय बर्ष पूरा गरेका मुक्तिनाथ खतिवडा, समाजसेवी अमरदीप भेटवाल, पूर्व शिक्षक लेखनाथ भट्टराईलगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा दोसल्ला र खाजाको सौजन्य कुमार थापा तथा परिवारले गरेको थियो । कार्यक्रमको संयोजन स्थानीय टोल विकास समितिका अध्यक्ष ओमप्रकाश लुइँटेलले गरेको कार्यक्रममा स्वागत स्थानीय हेमराज सापकोटाले र सञ्चालन दिल्ली सापकोटाले गरेका थिए ।

# मानब बेचबिखन रोकथामका लागि कार्यशाला

**इलाम, पुस ४।** अन्तरदेशीय मानव बेचबिखन रोकथामका लागि कार्यशाला गोष्ठी इलामको रोङ गाउँपालिकामा आइतबार शुरु भएको छ ।

आधुनिक दासत्व र गरिबीबिरुद्ध सामुदायिक नेतृत्व कार्यक्रम अन्तर्गत शक्ति समूह नेपालले आयोजना गरेको कार्यशालामा जिल्लाका बिभिन्न संघ-संस्थाका गरी ३० जनाको सहभागिता रहेको छ ।

गोष्ठीमा नेपालको कानूनमा भएको पीडित प्रभाबितहरुको अधिकारको ब्यवस्था र कानूनी प्रावधान, यस सम्बन्धी बिभिन्न कानून तथा मार्गनिर्देशन लगायतको बिषयमा छलफल तथा अन्तरक्रिया हुने शक्ति समूह इलाम जिल्ला अधिकृत खगेन्द्र ढुगांनाले जानकारी दिएका छन् ।

कार्यक्रममा जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय जिल्ला बाल संगठन, गैरसरकारी संस्था महासंघ, कार्यपालिका सदस्यहरु, सूर्योदय नगरपालिकाको शिक्षा शाखाका प्रतिनिधि, बिधायन समिति सदस्य, सामाजिक परिचालकहरु, सशस्त्र प्रहरी, पत्रकार लगायतका प्रतिनिधिहरुको सहभागिता रहेको छ । दुई दिनसम्म सञ्चालन हुने गोष्ठीमा शक्ति समूहका कानूनी तथा तालिम संयोजक दिलीप कोइरालाले बिषयबस्तुको सहजीकरण गरिरहेका छन् ।

गोष्ठीमा बाल गृहबैदेशिक शिक्षा मनोरञ्जन भाडामा आमा बन्ने तथा सन्तान उत्पादन को नाममा आधुनिक तरिकाले मानब बेचबिखन भइरहेको बर्तमान अवस्थाको बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । शिक्षा र चेतनामा भएको फरकको कारण शिक्षित युवायुवती पनि चेतना नभएकाले बेचिने गरेको बिभिन्न माध्यमबाट उदाहरणसहित जानकारी गराइएको थियो ।

# विवेकानन्दको प्रतिमा स्थापनाका लागि भूमिपुजन



**झापा, पुस ४।** झापाको बिर्तामोड-२ चारपानेमा रहेको विवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालय परिसरमा आश्रमका संस्थापक ब्रम्हलीन १००८ स्वामी विवेकानन्द पुजारी महाराजको प्रतिमा स्थापनाका लागि भूमिपुजन गरिएको छ ।

प्रतिमा निर्माण समिति संयोजक घनश्याम तिम्सिनाको अध्यक्षता एवम् संस्थाका उपाध्यक्ष पण्डित विष्णुप्रसाद भण्डारीको प्रमुख आतिथ्यमा आइतवार प्रतिमा स्थापनाका लागि भूमिपुजन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि भण्डारी र विवेकाश्रमका प्रथम भूमिदाता ज्ञानवृद्ध पण्डित नन्दीकेशर तिम्सिनाले संयुक्त रुपमा भूमि पूजन गरेका थिए । बिद्यार्थीहरुद्वारा स्वस्तिवाचनसहित शुरु गरिएको कार्यक्रममा साङ्गवेद संस्कृत माविका अध्यक्ष एवम् आश्रमका महासचिव छन्दुराम भण्डारीले प्रतिमा स्थापनाका विषयमा प्रकाश पारेका थिए ।

सोही अवसरमा गौरादह-५ निवासी केदार प्रसाद बिमली र राममाया बिमलीले प्रतिमा निर्माणार्थ पाँच हजार एक सय रुपैयाँ सहयोग गरेको विद्यालयका प्रधानाध्यापक तथा संस्थाका सचिव दामोदर न्यौपानेले जानकारी दिए । यस अघि पनि विवेकाश्रम तथा साङ्गवेदमा रुद्राभिषेक भवन निर्माण गरिएको थियो ।

झापा बिर्तामोड-३ भगवान चोक निवासी तिलरुपा खड्काले आफ्ना सासूससुराको स्मृतिमा निजी खर्चमा रुद्राभिषेक भवन निर्माण गरिदिएकी हुन् ।

करिव ७० लाख रुपैयाँको लागतमा पक्की भवनको निर्माण गरिएको हो । विवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालय परिसरमा रहेको शिवालय मन्दिरको वरिपरि बसेर दैनिक रुद्राभिषेक गर्दै आएका वटुकहरुलाई दैनिक रुद्राभिषेक गर्न सहज होस् भन्ने उद्देश्यले रुद्राभिषेक भवन निर्माण गरिदिएको निर्माणकर्ता तिलरुपा खड्काले बताइन् ।

यसैबीच रुद्राभिषेक भवनको एक कार्यक्रमकाबीच उद्घाटन सम्पन्न भएको छ । वटुकहरुले स्वस्तीवाचन गरी प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार शिवाकोटी र रुद्राभिषेक भवन निर्माणकर्ता तिलरुपा खड्काले दीप प्रज्ज्वलन गरी रुद्राभिषेक भवनको उद्घाटन गरेका थिए ।

## दुर्घटना ...

देशभर हुने सवारी दुर्घटनामा चालककै धेरै लापरबाही देखिने गरेको भन्दै प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले सडक दुर्घटना न्यूनीकरणमा सडक सुशासनसँग सम्बद्ध सबै पक्षले स्वामित्व ग्रहण गर्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक शानुराम भट्टराईले ट्राफिक नियमको पालना नहुँदा दुर्घटना हुने गरेको बताए ।

कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नम्बर ५का वडाध्यक्ष राजेन्द्र लिङ्देन, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, अटो छाता संगठनका कोषाध्यक्ष हरि बाँस्कोटा, नेपाल राष्ट्रिय यातायात व्यवसायी संघ जिल्ला समन्वय समिति झापाका संयोजक टंक दवाडी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

ट्राफिक सप्ताह कार्यक्रम प्रदेशभर साताव्यापी रुपमा जिल्लाका विभिन्न स्थानमा पुस १० गतेसम्म सञ्चालन हुने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैबीच प्रदेश नं. १का प्रहरी प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अरुणकुमार वीसीले प्रदेशमा दैनिक सरदर एक दशमलव शून्य चार जनाको मृत्यु भइरहेको बताएका छन् । प्रदेश १मा आर्थिक वर्ष २०७५/०७६मा ३१३, २०७६/७७मा ३३२, २०७७/७८ मा ४४४ जनाको दुर्घटनाबाट मृत्यु भएको छ भन्दै यो भयावह स्थितिलाई न्यूनीकरण गर्न सबैको दायित्व भएकाले ट्राफिक सप्ताह अन्तर्गत एक सातासम्म विविध कार्यक्रम सञ्चालन गरी सवारी नियम पालना गराउनेतर्फ ट्राफिक प्रहरी सचेत रहेको बताए ।

सडक अनुशासन तथा सवारी साधन दुर्घटना न्यूनीकरणका लागि प्रदेश नं. १को १४ वटै जिल्लामा शुरु भएको ट्राफिक सप्ताह- २०७८को सन्दर्भमा बोल्दै आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले व्यवस्थित र सुरक्षित जीवनयापन गर्न अनुशासित भई सवारी नियम पालना गर्नुपर्नेमा जोड दिए । सामाजिक विकासमन्त्री जयराम यादवले मादकपदार्थ सेवनबाटै सबैभन्दा बढी सवारी दुर्घटना भइरहेकाले मानिसले नैतिक आचरण र व्यवहार सुधार गर्नुपर्नेमा जोड दिए ।

यातायात आन्तरिक मामिला तथा कानून सचिव कालीप्रसाद पराजुली, सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल र व्यवसायी महासंघ प्रदेश नं. १का अध्यक्ष सरोज श्रेष्ठले पनि सवारी साधनको दुर्घटनाबाट पर्ने असरबारे चर्चा गरेका थिए ।

## पत्रकारिताबाट ...

साप्ताहिक पत्रिकालाई भने कर्मचारीमार्फत प्रकाशनमा निरन्तरता दिने उनले बताए । २० बर्षको उमेर हुँदा देखिनै आफू २०४५ सालबाट पत्रकारिता पेशामा आबद्ध रहेको बताएका हुमागाँईले आफू ५३ बर्ष पूरा गरुञ्जेल लगभग ३४ बर्ष सम्म झापामा रहेर सक्रिय पत्रकारिता गरेको बताए ।

यसअवधिमा नेपाल पत्रकार महासंघ झापाको सचिव, उपसभापति हुँदै सभापति भएका उनी २०६२/०६३ को जनआन्दोलनमा खेलेको अग्रणी भूमिकाकै कारण पत्रकारिता र राजनीतिक वृत्तमा चर्चामा आएका थिए । २०६२/०६३ को जनआन्दोलनमा सक्रियता देखाएकै कारण उनले पटक-पटक पक्राउका साथै निर्वासित जीवन बिताउनु परेको थियो भने भारतीय प्रहरीले पनि पक्राउ गरी उनलाई जलपाईगढीस्थित भक्तिनगर थानामा केहीदिन हिरासतमा राखेको थियो ।

नेपाल पत्रकार महासंघको अध्यक्ष रहँदा भद्रपुरस्थित महासंघको भवन निर्माण र बिर्तामोडमा जग्गा जोड्ने कार्यमा पत्रकार हुमागाँईको महत्वपूर्ण भूमिका रहेको थियो । सक्रिय राजनीतिमा रहेर पनि महासंघको संस्थागत विकास एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफ्नो सदैव सहयोग रहने हुमागाँईले बताए ।

राष्ट्रियता, प्रजातन्त्र, समाजवादको पक्षमा २०४५ सालबाट मिसन पत्रकारिता थालेका हुमागाँई नेपाल प्रेस युनियन झापाको पूर्व अध्यक्ष एवम् पूर्व केन्द्रीय सदस्य पनि हुन् ।

निम्न मध्यम बर्गीय परिवारमा जन्मिएका पत्रकार हुमागाँईले पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिमा भनेका छन्- 'राजनीति कुनै पनि देशको मूल नीति हो । राजनीति ठीक ढंगले चल्यो भने देशमा स्थिरता, शान्ति र पद्धतिको विकास हुन्छ र जनताले सुख पाउँछन् । राजनीतिलाई किनारामा बसेर बिग्रियो भनेर गाली गरेर मात्र नहुने ठानेर म सक्रिय राजनीतिमा होमिएको हुँ । राजनीतिमा सबै खराब मात्र छन् भन्ने, अनि राम्रा भनिएका मान्छेहरु राजनीतिमा प्रवेश नगर्ने हो भने कसरी राजनीति सप्रिन्छ होला ?'

नेपाल पत्रकार महासंघका पूर्व महासचिव चन्द्र भण्डारीले नेपालका कम्युनिष्ट तथा लोकतन्त्रवादी भनिएका दलहरुमा हुने खाने र भ्रष्टाचारी एवम् नैतिकताहिन व्यक्तिहरुको बोलाबाला रहेको बताउँदै राजनीतिमा नीतिवान, सिद्धान्तनिष्ठ र निष्ठावान मानिसहरु पाखा लाग्दै जाने अवस्था आउनु दुःखद् भएको चर्चा गरे ।

आफू राजनीतिबाटै पत्रकारितामा प्रवेश गरेको इतिहास बताउँदै भण्डारीले राजनीतिमा विश्वास, समर्पण, सिद्धान्त र निष्ठा सकिएपछि आफूले त्यो क्षेत्र छाडेको समेत सुनाए । कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्वसचिव लोकराज ढकाल, पूर्वसभापति मोहन काजी लगायतले बोलेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, प्रदेश सदस्य सुरेन्द्र भण्डारी, उपाध्यक्ष केशव भट्टराई, पत्रकार महासंघ केन्द्रीय परिषद सदस्य गोपाल काफ्ले, प्रेस चौतारीका केन्द्रीय सदस्य मुक्ति पौडेल, नेपाल प्रेस युनियन झापाका अध्यक्ष इन्दू पूर्वेली, मिडिया नेपालका केन्द्रीय सदस्य रञ्जित प्रसाईं, फोनिज झापाका पूर्वअध्यक्ष गणेशमान मुखिया, फोटो पत्रकार संघका अध्यक्ष बिनोद पाण्डे लगायत पत्रकारहरुको सहभागिता रहेको थियो ।

## नेपालका ...

शुरु गरेका हौँ- दाहालले भने ।

**२. कहा पाइन्छ ?**

स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागका अधिकारीहरूका अनुसार मोडर्ना खोप विभिन्न विद्यालयमै खोप केन्द्र राखेर दिइनेछ ।

त्यसको व्यवस्थापन स्थानीय तहले गर्नेछन् । हाललाई विशेषगरी दुर्गम र कम विकसित क्षेत्रका जिल्लाहरू चयन गरिएको अधिकारीहरूको भनाइ छ । दाहालले भने- फाइजरको घोल्ने र बनाउने तरिका फरक छ। सुई पनि फरक खालको लाग्छ । तर, मोडर्ना अन्य खोपजस्तै भएकाले सहजताका हिसाबले पनि दुर्गम क्षेत्रमा लगेका हौँ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निकालेको सूचनाअनुसार यो खोप अभियानमा यी जिल्ला समेटिएका छन्-

- प्रदेश नं १ का ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम र उदयपुर

**३. खोप केन्द्र र खोप लगाउने समय कसरी थाहा पाउने ?**

स्वास्थ्य मन्त्रालयका अधिकारीहरूका अनुसार यो अभियानका लागि खोपहरू स्थानीय तहसम्म पठाइसकिएको छ । त्यसैले गर्दा आइतवारदेखि सञ्चालित खोप अभियान पनि सबै जिल्लामा एकै दिन र समयमा चल्छ भन्ने निश्चित छैन ।

हामीले स्थानीय तहलाई नै समन्वयमा अभियान सञ्चालन गर्न भनेका छौँ- स्वास्थ्य सेवा विभागका खोप शाखा प्रमुख दाहालले भने । स्थानीय तह र जिल्ला खोप समन्वय समितिलाई जिम्मा दिइएकाले स्थानीय स्तरको खोप केन्द्र व्यवस्थापन स्थानीयस्तरबाटै हुने अधिकारीहरूको भनाइ छ ।

उनीहरूका अनुसार सर्वसाधारणले आफ्नो क्षेत्रमा कुन मिति र कुन समयमा कहाँ खोप दिइन्छ भन्ने स्थानीय विद्यालयहरूमा गएर पनि बुझ्न सक्नेछन् ।

**४. मोडर्ना कस्तो खोप हो ?**

स्वास्थ्य मन्त्रालयले सार्वजनिक रूपमा सूचना निकाल्दै यो खोप सुरक्षित भएको जनाएको छ । विज्ञहरूका भनाइमा चाहिँ खोप लगाएकामा सामान्य प्रभावहरू देखिन सक्छन् ।

त्यस्ता प्रभावमा खोप लगाएको ठाउँमा दुख्ने, फोकाजस्तो देखिने, सामान्य ज्वरो आउने आदि छन् । अन्य कैयौँ खोपका तुलनामा मोडर्ना खोपलाई निकै कम तापक्रममा भण्डारण गर्नुपर्छ ।

तत्काल प्रयोग गर्नका निम्ति चाहिँ १ डिग्री सेल्सीअसमा राख्न सकिन्छ । दुई महिनाभन्दा लामो अवधिदेखि म्याद सकिने मितिसम्मका लागि माइनस २० देखि २५ डिग्री सेल्सीअस तापक्रममा भण्डारण गर्नुपर्ने हुन्छ ।

तापक्रम व्यवस्थापन गर्नुपर्ने भएकाले अहिले पहिलो मात्राका लागि मात्र खोप गाउँ-गाउँ पठाइएको अधिकारीहरूले बताए । दोस्रो मात्राका लागि आवश्यक पर्ने खोप अहिले केन्द्रीय भण्डारमै छ ।

**५. दोस्रो मात्रा कहिले र कहाँ पाइन्छ ?**

अधिकारीहरूले जनाए अनुसार यो खोपको पहिलो मात्रा लगाएको २८ दिनपछि दोस्रो मात्रा खोप लगाउन सकिन्छ । त्यसैलाई ध्यानमा राखेर स्वास्थ्य मन्त्रालयले दोस्रो मात्रा खोप लगाउने मिति पनि तय गरिसकेको जनाएको छ ।

मन्त्रालयले जारी गरेको सूचनामा आगामी माघ २ गतेदेखि १२ गतेसम्म दोस्रो मात्राका लागि खोप अभियान चलाइने उल्लेख छ । त्यस अवधिमा पनि हाल खोप अभियान चलाइएका जिल्लाका सम्बन्धित खोप केन्द्रबाटै किशोरकिशोरीले खोप पाउनेछन् । सरकारले करिब ४० लाख मात्र मोडेर्ना खोप ल्याएकाले हाल लक्षित गरिएका साढे १८ लाख बालबालिकालाई खोप पर्याप्त हुने अधिकारीहरूको भनाइ छ ।

**६. के विद्यालय नजाने किशोरकिशोरीले खोप पाउँदैनन् ?**

हाल सञ्चालित अभियानमा विद्यालय गइरहेका किशोरकिशोरीलाई लक्षित गरिएको छ । तर त्यसो गर्दा कैयौँ विद्यालय नजाने तथा भर्ना नभएका किशोरकिशोरीहरू छुट्न सक्ने चिन्ता पनि व्यक्त भइरहेको छ ।

त्यसबारे राखिएको जिज्ञासामा स्वास्थ्य विभागको खोप शाखा प्रमुख दाहालले - आवश्यकता अनुसार उनीहरूलाई पनि खोप व्यवस्थापन गरिने बताए । उनले भने- हामीले स्थानीयस्तरको आवश्यकता हेरेर खोप माग गर्न भनेका छौँ । स्थानीय सरकारहरूबाट त्यस्ता बालबालिकाका लागि पनि खोप माग भएमा दिन सकिन्छ । उनले बिद्यालयहरूमा सञ्चालित खोप अभियानमा पनि स्थानीय तहले समन्वय गरेर सो समूहका मानिसलाई विद्यालय नजाने भए पनि समेट्न सकिने जानकारी दिए । आफ्नो क्षेत्रमा खोप लगाउन कोही पनि नछुटून् भन्ने उद्देश्य राखेर स्थानीय तहले पनि काम गरिरहेकाले लक्षित वर्गका कोही पनि नछुट्ने उनको भनाइ छ । त्यस्तै यो अभियान सकिएपछि पनि कुनै क्षेत्रमा उक्त उमेर समूहका बालबालिका छुटेमा स्थानीय तहसँगको समन्वयमा खोप केन्द्र तोकेर खोप लगाउने सरकारको योजना छ ।

**अन्य जिल्लामा कुन खोप कहिले दिइन्छ ?**

अहिले खोप अभियान सञ्चालन भएकाबाहेक अन्य २० जिल्लामा भने फाइजर कम्पनीको खोप दिने योजना भएको मन्त्रालयले जनाएको छ ।

ती जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, चितवन, सिन्धुली, डडेलधुरा र सुर्खेतमा पुस १३ देखि २२ गतेसम्म पहिलो मात्रा फाइजर खोप अभियान चलाइनेछ । ती जिल्लामा माघ ४ देखि १३ गतेसम्म दोस्रो मात्रा खोप दिइने मन्त्रालयले जनाएको छ ।

झापा, मोरङ, सुनसरी, सप्तरी, धनुषा, पर्सा, कास्की, बागलुङ, रूपन्देही, बाँके, दाङ र कैलाली जिल्लामा भने हाल खोपको मिति तय गरी नसकिएको मन्त्रालयको सूचनामा उल्लेख छ । ती जिल्लामा पछि खोप अभियानको मिति तोकिने बताइएको छ । वीवीसी


**जाडोमा बच्न निम्न उपायहरू अवलम्बन गरौं ।**

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

**कर्मचारी चाहियो**

बिर्तामोड अतिथि सदन रोडस्थित फ्रेस हाउसका लागि खसी/कुखुरा काट्न र बेच्न जान्ने कर्मचारी तु-चाहियो ।
सम्पर्क : ९८१७०७६०४६

**होटल बिक्रीमा**

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०६०३३१५३, ९८२६९०३२५५

**कर्मचारी चाहियो**

पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकाले इच्छुकले सम्पर्क गर्नुहोला ।
स्थानः बिर्तामोड, चारपाने, महानन्द चोक एरिया
(महिला/पुरुष, स्थानीय आफ्नै साइकल भएको)
तलबः संस्थाको नियमानुसार समयः बिहान ६ बजेदेखि ७:३० बजेसम्म
सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा**
**VARANNYA HEALTHCARE AT HOME**

तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !
के यो सम्भव छ ?
*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

उपलबध हुने सेवाहरु
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईंहरुको सेवामा समर्पित
**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# जनस्वास्थ्यमा लापरवाही

**बेलायत लगायत युरोपेली देशहरुमा त्रास बढाइरहेको कोरोना भाइरसको उत्परिवर्तित रुप ओमिक्रोन आफ्नो देशसम्म आइ नपुगोस् भन्दै विशेष सावधानी अपनाइँदैछ । यसको विस्तारलाई रोक्न बेलायतले त स्वास्थ्य संकटकाल नै घोषणा गरेको छ भने कतिले अफ्रिकी देशहरुसँगको यातायात सम्पर्क विच्छेद गरेका छन् । पछिल्लो समय भारतमा समेत कोरोना संक्रमण र विस्तारको दर र गति बढ्दै जान थालेको सन्दर्भले खुल्ला सीमा भएको नेपालले पनि उच्च सावधानी र सतर्कता अपनाउने चेत खुल्नुपर्ने हो । तर, यही समय ओमिक्रोन रोक्न अपनाउनुपर्ने सावधानीका विषयमा आधिकारिक निकायबाटै परस्पर विरोधी सूचना प्रवाह भइरहेको छ । स्वास्थ्यविद्, चिकित्सक तथा स्वास्थ्य मन्त्रालयको सुझाव, सिफारिस र सल्लाहमा विदेशबाट आउने यात्रुहरु क्वारेन्टिनमा अनिवार्य बस्नुपर्ने सूचना जारी गरिएको थियो । मन्त्रालयकै निर्णय अनुसार अध्यागमन विभागले शुक्रबार अमेरिका, क्यानडा, बेलायत, रुस लगायतका सत्सठ्ठी देशहरुबाट आउने यात्रुलाई होटल क्वारेन्टिनमा बस्नैपर्ने व्यवस्था गरेको थियो ।**

**सूचना प्रकाशन भएको चौबीस घन्टा बित्न नपाउँदै सरकारले नै क्वारेन्टिनको अनिवार्यतालाई स्थगित गरेको छ । ओमिक्रोन देखिएका देशहरुबाट आउने यात्रुहरुका कारण कोरोना भाइरस विस्तार हुन सक्ने जोखिमलाई मध्यनजर गरी जनस्वास्थ्यविद् र सम्बद्ध निकायले गरेको सिफारिस र सुझावको पालना सबैको हितमा हुन्छ । नेपालमै उक्त भेरियन्टबाट संक्रमित दुई व्यक्तिको पहिचान भइसकेको र त्यसयता परीक्षण गरिएकाहरुको नतिजा सार्वजनिक गरिएको छैन । कोरोनाको विगतको संक्रमणभन्दा ओमिक्रोनको संक्रमण र विस्तार दर तीव्र रहेको विश्व स्वास्थ्य संगठनको अनुसन्धानले देखाइसकेको छ । यस्तो अवस्थामा सरकारको आधिकारिक निकायले नै संक्रमणको सम्भावना माथिको सावधानीमा लापरवाही गर्नुहुँदैन ।**

**कोरोना भाइरसले पुऱ्याएको मानवीय क्षतिलाई रोक्न उच्च तहबाटै निर्माण गरिएको कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र सीसीएमसीसी जनस्वास्थ्यविद् सम्मिलित संस्था हो । उसले सरोकारवाला निकाय र विषयको गाम्भीर्यलाई समेत अनुभूत गरेर मानव सभ्यता र अस्तित्व माथि नै संकट उत्पन्न गरेको यो र यस्ता विपद्को सामनामा प्रभावकारी निर्णय गर्नुपर्छ । हतारमा, आवेग वा लहडमा गरिएका निर्णयहरुले संस्थामाथिको विश्वसनीयतामा शंका उब्जाउँछ । क्वारेन्टिनलाई समेत जनस्वास्थ्यको मापदण्ड अनुकूल उपयोग गराउन, सीमानाकामा सावधानी र परीक्षण लगायतका सेवा उपलब्ध गराउन, संक्रमणका वाहक गतिविधि नियन्त्रण गर्न र सरसफाईमा विशेष ध्यान दिलाउन राज्यको ध्यान जानु पर्दछ । अन्यथा 'काम पाइनस् बुहारी, पोख्दै-उठाउँदै'को पाराले सम्भावित मानवीय क्षतिबाट उत्पन्न हुने दुष्परिणामलाई रोक्न सकिने छैन ।**

# शिक्षक, प्राध्यापक र कर्मचारीको राजनीतिमा सहभागिताको प्रश्न



तीर्थराज खरेल

सरकारले विद्यालय शिक्षक, प्राध्यापक र सरकारी कर्मचारीले राजनीतिक दलमा आबद्ध भएर विभिन्न गतिविधिमा संलग्न हुन नहुने न्यायालयको आदेश अनुसार सम्बन्धित सबैलाई राजनीतिमा नलाग्न निर्देशन गरेको छ। राजनीति गरे शिक्षकको जागिर नै धरापमा पर्ने कानूनी व्यवस्थाले शिक्षक, प्राध्यापक तथा निजामती जगतमा अप्ठेरो अवस्था सृजना भएको छ। यसबाट शिक्षक, प्राध्यापकले राजनीतिक दलका पदहरू लिएर पूर्णकालीन राजनीतिमा संलग्न रहनेको भाग खोसिएको मान्नेहरूलाई केही राहत दिएको छ भने अर्कोतिर शिक्षक, प्राध्यापकलाई राजनीतिबाट अलग गरे आफ्नो पार्टीका गतिविधि राम्ररी सञ्चालन हुन नसक्ने भए भनेर चिन्ता पनि छाएको छ।

पटक-पटक यसअघि विभिन्न राजनीतिक दलको सिफारिसमा शिक्षामन्त्री बन्न पुगेका नेताले विद्यालयमा राजनीति गर्न नहुने बताउँदै आएका थिए। तर, यो विषय कार्यान्वन हुन सकेको छैन। सरकारले अब कानून नै बनाएर विद्यालयमा दलगत राजनीति गर्न प्रतिबन्ध लगाउने तयारी गरेबाट असहजता शुरु भएको छ। कुनै पनि विद्यालय शिक्षकले अब उप्रान्त कुनै पनि राजनीतिक दलको पार्टी सदस्य तथा समिति पदाधिकारी हुन नपाउने, भएमा शिक्षक पद बाँकी नरहने कानूनी व्यवस्था गर्ने गरी अघि बढ्नसरकारद्वारा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले सुझाएको छ। दलीय राजनीतिकरणले विद्यालय शिक्षाको गुणस्तरमा गम्भीर नकारात्मक असर पारेको कुरालाई ढाकछोप गर्न सकिन्न। शिक्षकलाई राजनीतिमा नलाग्ने गरी प्रतिबन्ध लगाउन सकेमा शिक्षाको गुणस्तरमा सुधार आउने राज्यको अपेक्षा छ। सरकारी वेतनभोगी शिक्षक, प्राध्यापक तथा कर्मचारीले आफ्नो कार्यस्थलमा राजनीति गर्न नपाउने र यसलाई कडाइका साथ कार्यान्वयन गर्न कानून ल्याउनैपर्ने शिक्षा आयोगको प्रतिवेदनमा उल्लेख छ।

नेपाल शिक्षक महासंघले शिक्षकले राजनीति गर्न पाउनै हुन्न भन्ने विषय घोर आपत्तिको विषय भएको बताएको छ। विद्यालयभित्र राजनीति गर्न नहुनेमा पार्टीगत रुपमा राजनीति गर्न पाउने अधिकार हरेक नागरिकको अधिकारको विषय हो। ट्रेड युनियन अधिकारमा बन्देज नभएको विषय दस्तावेजमा समेटेर शिक्षकले राजनीति गर्न पूर्ण प्रतिबन्ध लगाउनु र शिक्षकको पद बाँकी नरहने कानूनी व्यवस्था गर्नु गलत मनसाय भएको नेपाल शिक्षक महासंघको आरोप छ। वास्तवमा विद्यालयमा कार्यरत अधिकांर शिक्षक कुनै न कुनै पार्टीमा आबद्ध हुने र खुलेरै राजनीति गर्ने परम्परा बढेर गएको छ।



पार्टी भूमिगत हुँदा शिक्षकको बैशाखी टेकेर पाटी जनसमक्ष जाने र द्वन्द्वको बेलामा शिक्षकहरु राज्य र विद्रोही पक्षबाट आक्रमणको निशाना बन्नुपर्ने धेरै पुराना भएका छैनन्। विद्यालय शिक्षकले राजनीति गर्न नहुने बताउने मन्त्री तथा प्रधानमन्त्रीहरूको विगतलाई नियाल्दा विगतमा प्रायजसो शिक्षक नै भएको देखिन्छ नेपालमा। अहिले पनि एकातिर उनीहरु शिक्षकले राजनीति गर्न हुन्न भनिरहेका छन् भने अर्कोतिर अधिकांश मन्त्रीहरु आफ्नो पार्टी निकटका निजामती कर्मचारी, प्राध्यापक, शिक्षकका संघ, संगठनले आयोजना गर्ने कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि बनेर सहभागी भइरहेका छन्। निश्चय नै यो दोहोरो चरित्र हो।

वास्तवमा शिक्षकले विद्यार्थीको भविष्यमा योगदान गर्ने कि पार्टीको लागि काम गर्ने भन्ने प्रश्न उठेकोमा सत्यता छ। हालै सम्पन्न भएका नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा माओवादी केन्द्र लगायतका प्रमुख दलका गाउँ, नगर, प्रदेश, जिल्ला र केन्द्रका अधिवेशन तथा महाधिवेशनमा शिक्षक, कर्मचारी र प्राध्यापकहरूको ठूलो सहभागिता थियो र यो क्रम जारी पनि छ। शिक्षक/प्राध्यापक र कर्मचारी राजनीतिमा होमिएपछि निर्वाचन आयोगले सरकारी शिक्षक, प्राध्यापक र कर्मचारी पार्टी पदाधिकारी भए राजनीतिक दलको विवरण अद्यावधिक गर्दा उनीहरूको नाम हटाइ दिने निर्णय गरेको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ मा दलको सदस्यताबारे व्यवस्था छ। उपदफा २ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारी पदमा बहाल नरहेको व्यक्तिलाई मात्र दलले सदस्यता दिनुपर्ने उल्लेख गरिएको छ। सत्तारूढ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षकहरू राजनीतिमा सहभागी नभए पार्टी प्रणाली कमजोर हुने बताएर निर्वाचन आयोगको विरोध गरेका छन् भने विवेकशील साझा पार्टी प्राध्यापक, शिक्षक वा कर्मचारीको संगठन बनाउन नहुनेमा दृढ छ।

शिक्षकहरूकै योगदानका कारण पार्टीहरु रहेका र सबैभन्दा बढी गाउँघरमा मजदुर किसानसँग एकाकार भएर राजनीतिक दलहरूलाई स्थापित गराउने र राजनीतिक विचार, कार्यदिशा, नीति-योजना र कार्यक्रमलाई जनताको बीचमा लैजाने शिक्षकहरू नै हुन् भन्ने उनको भनाइ छ। अर्कोतिर नागरिकले तिरेको करबाट तलब खानेहरू कुनै पार्टीको सदस्य बनेर आफूले गर्नैपर्ने काम नगरी राजनीति गर्न मिल्छ भनेर प्रश्न उभ्याइएको छ। शिक्षक प्रत्यक्ष राजनीतिमा संलग्न हुँदा शिक्षक स्वयम्, विद्यार्थी र राष्ट्रको भविष्यमाथिको बेइमानी हुने र इतिहासमा राजनीतिक दलहरूले शिक्षकलाई औजार बनाएको दर्ज हुने शिक्षाविद्हरूको भनाइ छ।

वास्तवमा राणा शासन होस् वा पञ्चायतविरूद्धको आन्दोलनमा वा राजतन्त्र विरोधी मोर्चामा होस्, दलहरूले आफ्ना कुरा जनतासम्म लैजान शिक्षकलाई औजार बनाए। राजनीतिक जनचेतना अभिवृद्धिमा शिक्षक/प्राध्यापकलाई नै काम लगाइयो। आज शिक्षक/प्राध्यापकको बौद्धिक जमात राजनीतिदेखि टाढा हुनुपर्छ भन्ने जिकिर कमजोर लाग्छ। शिक्षक चेतनशील प्राणी भएकाले उसमा राजनीतिक चिन्तन र आस्था रहनु स्वभाविक छ। तर, शिक्षकहरू पार्टीको झोला बोकेर हिँड्दा नानीबाबुहरूको भविष्य बर्बाद हुनेमा विवाद गर्न सकिँदैन। शिक्षक सही बाटो देखाउने पथप्रदर्शक हो। तर, कक्षाकोठा छोडेर शिक्षकहरू राजनीतिमा सहभागी हुँदा शिक्षा प्रणाली ध्वस्त हुन्छ।

पार्टीको सदस्यता लिएका शिक्षकहरू पढाउन छोडेर पार्टीको झन्डा बोकेर हिँड्नु दुःखदायी कुरा हो। शिक्षकले राजनीति गर्नुहुँदैन भन्नु गलत हो, तर कक्षाकोठा छोडेर पार्टीको झण्डा र झोला बोकेर हिँड्नु विद्यार्थी र आफ्नो पेशाप्रतिको गद्दारी हो। देशको राजनीतिबारे कुनै जानकारी नभएका मानिस कसरी देशको भविष्यका कर्णधार जन्माउने शिक्षक बन्न सक्छ त ? तर, पूर्णकालीन शिक्षक बन्ने कि नेता बन्ने भन्ने मूल प्रश्न हो। विद्यालयहरुलाई लावारिस अवस्थामा छोडेर शिक्षकले राजनीतिमा संलग्न हुनु राम्रो होइन, तर प्राध्यापक, कर्मचारी, शिक्षक राजनीतिमा संलग्न हुनुहुँदैन भन्नु गलत हो।

*tirthakharel2028@gmail.com*

# अरुणोदयको नवौं वार्षिक सभा



**बिर्तामोड, पुस ४।** बिर्तामोड-५ स्थित अरुणोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नवौं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्था सञ्चालक समितिका अध्यक्ष ताराप्रसाद नेपालको अध्यक्षता र झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा आयोजित सभामा स्वागत उपाध्यक्ष विशाल क्षेत्रीले गरेका थिए । सभामा संस्थाका अध्यक्ष नेपालले संस्थाको गत आर्थिक वर्ष ०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक इन्द्रकमल खनालले संस्थाको लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा संस्थाको जम्मा शेयर पुंजी ९२ लाख २२ हजार चार सय रुपैयाँ, निक्षेप संकलन १७ करोड ९४ लाख २७ हजार पाँच सय ५६ रुपैयाँ ९८ पैसा, निक्षेप फिर्ता १७ करोड ३६ लाख ३१ हजार छ रुपैयाँ ९७ पैसा, कर्जा लगानी चार करोड ९० लाख ५६ हजार एक सय ८३ रुपैयाँ र कर्जा असुली तीन करोड ६७ लाख २२ हजार छ सय दुई रुपयाँ ९७ पैसा उल्लेख गरिएको छ । त्यसैगरी गत आर्थिक वर्षमा १७ लाख २४ हजार पाँच सय ७८ रुपैयाँ २६ पैसा नाफा आर्जन गरेको संस्थाले चालू आर्थिक वर्ष ०७८/०७९ को लागि अनुमानित ६५ करोड ८५ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यस्तै सहकारी सिद्धान्त अनुसार सदस्यता सम्बन्धी खुला नीतिलाई कायम राख्ने, शेयर पुंजीलाई वृद्धी गरी एक करोड ३० लाख रुपैयाँ पुऱ्याइने, अरुणोदय राहत कोषको स्थापना गरिने, अरुणोदय शैक्षिक पुरस्कारलाई निरन्तरता दिइने, बचत योजना अन्तर्गत पेन्सन बचतमा सबैलाई समावेश गराउने नीति लिइने, आवधिक बचतमा बीमा योजना समावेश गराउने नीति लिइने, विगत वर्षदेखि सञ्चालनमा आएका सामाजिक, शैक्षिक, सांस्कृतिक तथा विविध जनसरोकारका कार्यक्रमहरु सञ्चालन गर्ने लगायतका भावी नीति तथा कार्यक्रमहरु प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सोही सभाको अवसरमा विभिन्न व्यक्तित्वहरुलाई पुरस्कृत एवम् सम्मानित गरिएको थियो । पुरस्कृत एवम् सम्मानित हुनेहरुमा शेयर सदस्यहरुका सन्तान मध्ये गत वर्षको एसईई परीक्षामा उत्कृष्ट जीपीए ल्याई उत्तीर्ण हुने अर्जुनधारा-९ स्थित सिर्जना शिशु सदनका छात्र रोहन कट्टेल र छात्राद्वय अर्जुनधारा-६ स्थित ब्रीलीयन्ट एजुकेशन फाउन्डेशनकी रीया पोखरेल र बिर्तामोड-१ स्थित बाल्मिकी एजुकेशन फाउण्डेशनकी स्वस्तिका न्यौपाने, असल ऋणि सञ्चमाया लावती, उत्कृष्ट बचतकर्ता सीता कार्की र उत्कृष्ट बाल बचतकर्ता आदिश्री पौड्याल रहेका छन् ।

सभामा सहकारीकर्मी केशवराज दाहाल, प्याब्सन अर्जुनधाराका अध्यक्ष रुद्र सिटौला, ब्रीलीयन्ट एजुकेशन फाउन्डेशन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कैलाश पोखरेल, एमिटी एजुकेशन फाउन्डेशनका संस्थापक राधेश्याम शर्मा ढकाल, एम्स एकाडेमीका संस्थापक टीआर गौतम, प्रगति अंग्रेजी आवासीय विद्यालयका प्रधानाध्यापक मातृकाप्रसाद निरौला लगायतले शुभकामना व्यक्त गरेका थिए । उक्त सभाको सञ्चालन समितिका सचिव दीपक तिम्सिना र संस्थाका कार्यालय प्रमुख बालकृष्ण दाहालले संयुक्तरुपमा गरेका थिए ।

# सम्मान तथा स्वास्थ्य शिविर



**कमल, पुस ४।** कमल गाउँपालिका वडा नं. ५ ले वडाका एक दर्जनभन्दा बढी उद्यमी महिलालाई सम्मान गरेको छ ।

उद्यमशील महिलाहरुको पेशा तथा व्यवसायलाई थप प्रोत्साहन दिने उद्देश्यले वडाका १५ जना उद्यमी महिलाहरुलाई सम्मान गरिएको हो ।

सम्मानित हुने उद्यमी महिलाहरुमा अटो चालक शान्ति माझी, टुल्कि ताजपुरिया, बिष्णुमाया धिमाल, सावित्रा बस्नेत, पूर्णकुमारी गौतम, सीता खनाल, नर्वदा महरा, झरना सुब्बा कार्की, कविता चौहान, भूमिका तोङ्ली, मनकुमारी विश्वकर्मा, बालकुमारी लावती, मनमाया धिमाल, कल्पना राई र रुपा धिमाललाई कार्यक्रमकी प्रमुख अतिथी मेनुका काफ्ले तथा विशेष अतिथी वेणु शिवाकोटीले सम्मान गरेका थिए ।

त्यसैगरी वडाभित्र बसोबास गर्दै आएका ८० बर्षभन्दा माथिका दुई सय छ जना ज्येष्ठ नागरिकलाई समेत सम्मान गरिएको वडाध्यक्ष डम्बरबहादुर निरौलाले बताए । वडामा बसोबास गर्ने विपन्न समुदायका नागरिकका लागि एक दिने निःशुल्क स्वास्थ्य शिविर समेत सञ्चालन गरिएको थियो । दमकस्थित निम्स नेशनल अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न स्वस्थ्य शिविरमा जेनेरल फिजिसयन, हाडजोर्नी, महिला रोग सम्बन्धी लगायत विभिन्न रोगको विशेषज्ञ डाक्टरद्वारा स्वास्थ्य परीक्षण गरिएको थियो ।

शिविरमा दुई सय छ जना नागरिकहरुले निःशुल्क स्वस्थ्य परीक्षण गर्नुका साथै आवश्यक पर्ने औषधि समेत निःशुल्क रुपमा वितरण गरिएको वडा सचिव रीता कार्कीले बताइन् ।

# कानूनी परामर्श तालिम



**पथरीशनिश्चरे, पुस ४।** मोरङको पथरीशनिश्चरे नगरपालिकाको सहयोगमा वडा नम्बर ८ सोमबारेस्थित मौलिक हक अधिकार सम्बन्धी पाँच दिने कानूनी परामर्श तालिम शुरु भएको छ ।

प्रभात सामुदायिक युवा क्लबको आयोजनामा नगरभित्रका युवा तथा महिलाका लागि वर्तमान संविधानमा व्यवस्था भए बमोजिम मौलिक हक अधिकार सम्बन्धी पाँच दिने कानूनी परामर्श तालिम सञ्चालन गरेको हो । प्रमुख अतिथि वडा नम्बर ८ का अध्यक्ष बाबुराम दाहालले उक्त तालिमको उद्घाटन गर्दै आफू पनि पुरानो सदस्य रहेको प्रभात सामुदायिक युवा क्लबले सक्रिय रुपमा यो क्षेत्रमा सामाजिक रुपान्तरण र जागरणको अभियान थालनी गरिरहेको बताए ।

क्लबका अध्यक्ष नवीनजंग कार्कीको अध्यक्षतामा सम्पन्न तालिममा पथरी शनिश्चरे नगरपालिकाका कानूनी सल्लाहकार दिपक राईले सहजीकरण गरिरहेका छन् ।

# पशु स्वास्थ्य शिविर

**पथरीशनिश्चरे, पुस ४।** मोरङको पथरीशनिश्चरे-७ मा एकदिने निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

नगरको पशुपन्छी शाखाको आयोजनामा भएको शिविरमा आठ हजार सात सय ४२ को मेडिकल उपचार, तीन सय चारको माइनर सर्जिकल र एक सय दुईको गाइनोक्लोजिकल गरी नौ हजार एक सय ४८ पशुको उपचार भएको छ ।

ती मध्ये छ सय १६ घरधुरीका एक हजार दुई सय आठ गाई भैंसी, एक हजार नौ सय १८ बाखा, एक हजार तीन सय चार बंगुर, चार हजार छ सय १२ कुखुरा र एक सय छ वटा हाँस रहेको पशुपन्छी शाखाका प्राविधिक पर्वत साहले बताए । वडाध्यक्ष कपिलमणि ढकाल, सदस्य विर्खबहादुर पिठाकोटे मगर (विरोज)सहितको उपस्थितीमा शिविर सम्पन्न भएको थियो ।

# दुर्घटनामा मृत्यु

**सुनसरी, पुस ४।** सुनसरीको गढी गाउँपालिका-५ मा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

मृत्यु हुनेमा गढी गाँउपालिका-६ का २५ वर्षीय निराजन राय रहेका छन्। को ३ त ३९ नम्बरको ट्याक्टरको पछाडिको डालामा ठोक्किएर ना ८ प ४३९० नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक रायको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकल पछाडि सवार गढी ६ कै २७ वर्षीय अक्षय राय समेत घाइते भई उपचारको लागि बिराट नर्सिङ होम विराटनगर पुऱ्याइएको छ। मोटरसाइकल र ट्याक्टर इलाका प्रहरी कार्यालय दुहबीले नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# हांगुरे खेलमैदानमा फुटबल प्रशिक्षण

□ युद्धबहादुर बोहोरा



**पाँचथर, पुस ४।** मिक्लाजुङ वडा नम्बर १ र फाल्गुनन्द गाउँपालिकाको वडा नम्बर ५ को सिमानस्थित हाङ्गुरे खेलमैदानमा ३० दिने फुटबल प्रशिक्षण शुरु भएको छ।

खेलकुद क्षेत्रलाई विकास गर्ने उद्देश्यले वडा नम्बर ५ मा रहेको फाक्तेप युथ क्लब (पीवासी) र खेलकुद विकास समिति मिक्लाजुङ-१ को संयुक्त आयोजनामा करिब ५० जना १८ वर्ष मुनिका महिला तथा पुरुषलाई ३० दिनसम्म फुटबल प्रशिक्षण गराइने क्लबका सचिव नवीन चेम्जोङले जानकारी दिए। फुटबल सिक्न इच्छुक १२ वर्ष उमेरभन्दा मुनिका बालबालिका धेरै रहेका छन्। सहभागीहरु अधिकांश अध्ययनरत् विद्यार्थी भएकोले उनीहरुको पठनपाठनलाई अवरोध नगरी प्रशिक्षणको तालिका मिलाइएको उनले बताए।

प्रशिक्षणको आयोजना गर्न मिक्लाजुङ-१ उत्तरे घरभइ हाल काठमाडौं बस्दै आएका कवि तथा साहित्यकार कैलाश शेर्मा(बच्चु हिमांशु)ले नगद ५० हजार रुपैयाँ, खेल सामग्रीसहित प्रशिक्षक ल्याउन समन्वय लगायतमा विशेष सहयोग पुऱ्याएको आयोजक समितिले जनाएको छ। क्लबका अध्यक्ष पञ्चकुमार चेम्जोङको अध्यक्षतामा प्रमुख अतिथि अखिल नेपाल फुटबल एसोसिएसन पाँचथरका उपाध्यक्ष शिव लावतीले आयोजक समितिलाई दुईवटा बल प्रदान गर्दै प्रशिक्षणको उद्घाटन गरेका थिए।

कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष विष्णुकुमार राईको विशेष आतिथ्य रहेको थियो। फुटबल प्रशिक्षकको लाइसेन्स प्राप्त रोशन शाह ठकुरीले एक महिनासम्म प्रशिक्षण गराउने भएका छन्। खेल सिक्न निरन्तर उपस्थित हुन समेत प्रशिक्षक ठकुरीले सबै सहभागीलाई आग्रह गरेका छन्। कार्यक्रममा क्लबका सल्लाहकार समिति सदस्य केबी चेम्जोङले स्वागत गरेका थिए भने रोशन राईले कार्यक्रम सञ्चालन गरेका थिए।

घुर्बिसे पञ्चमी बजार व्यवस्थापन समिति अध्यक्ष टिका सम्बाहाम्फे, पार्टी प्रतिनिधि, संस्थाका प्रतिनिधि, स्थानीय समाजसेवी, खेलप्रेमी लगायतले प्रशिक्षण सफलताको शुभकामना दिएका थिए। जातीय पहिचान झल्काउने लिम्बू जातिको केलाङ र राई जातिको साकेलासेली सहित उद्घाटनमा प्रस्तुत गरिएको क्लबका सहसचिव भिम चेम्जोङले बताए।

'एकीकृत विकासको अभियान'सहित फाल्गुनन्द-५, फाक्तेपमा २०७३ सालबाट आधिकारिक दर्ता भइ सञ्चालन भएको यस क्लबले हरेक क्षेत्रमा सहयोग गर्दै आएको अध्यक्ष चेम्जोङले बताए। क्लबको सक्रियतामा देश तथा विदेशबाट आर्थिक सहयोग संकलन गरी खेलकुद, रंगशाला निर्माण, सामाजिक कार्य, विकास निर्माणका काम, दैवीप्रकोप, अनाथ, अपाङ्ग, कमजोर आर्थिक अवस्थाका परिवारलाई सहयोग तथा उपचार खर्च लगायतमा सहयोग गर्दै आएको उनको भनाइ छ।

# कोरोना संक्रमण देखिएपछि...

**धनकुटा, पुस ४।** धनकुटाको पाखिबास-५ स्थित जाल्पादेवी माविका एक शिक्षकमा कोभिड-१९ को संक्रमण भएपछि एक हप्तालाई विद्यालय बन्द गरिएको छ।

विद्यालयमा कार्यरत ती शिक्षकलाई कोभिड-१९ को संक्रमण आशंकापछि १० गतेसम्म विद्यालय बन्द गरिएको विद्यालयले जनाएको छ। ती शिक्षकलाई कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएपछि विद्यालय बन्द गरिएको थियो। कोभिड-१९ परीक्षण गर्दा पोजेटिभ देखिएको विद्यालयका प्रधानाध्यापक निर्मल रिमालले बताए।

कोभिड-१९ पोजेटिभ आएका शिक्षक घरैमा होम आइसोलेशनमा रहेका छन्। अन्य दुई शिक्षकमा कोभिड संक्रमणको आशंका गरिएकोमा नतिजा नेगेटिभ आएको प्रधानाध्यापक रिमालले बताए।


## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## आवश्यकता

यस ग्रीन मार्ट प्रा.लि. कम्पनीमा केही दक्ष, अनुभवी कर्मचारीको माग भएको हुँदा इच्छुक व्यक्तिले कार्यालयमा सम्पर्क गर्नुहोला।

**पद:** P.R.O. (M.R. अनुभवीलाई प्राथमिकता)
**योग्यता :** +२, एसईई वा सो सरह
**तलब:** १५०००|- **दस्तुर:** ३००|-
**कागजात:** नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, ३ प्रति पीपी साइजको फोटा
**सम्पर्क:** ९८६६६७२५७९ (बिर्तामोड) ९८१९०८३०७७, ९८१७०५०१५८ (दमक)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## गोदामसहित जग्गा भाडामा

बिर्तामोड नगरपालिका-१ खाद्य संस्था पूर्व कम्पाउण्डले घेरेको, महेन्द्र राजमार्गदेखि १ घडेरी छोडेर ५० मिटर उत्तरमा सबै कुराको व्यवस्था भएको, जुनसुकै पेशा, व्यवसाय गर्न मिल्ने जग्गासहितको गोदाम भाडामा रहेको छ। इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।
मो. ९८२४०१२१२२, ९८४२६५६५७८

## होटल तालिममा भर्ना खुल्यो

१००% रोजगारसहित CTETE बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो
काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्गको ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो।

**तालिमहरु :**
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

**हाम्रा विशेषताहरु**
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुन: रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौ।

**एसीयन हस्पिटालिटी प्रा. लि.,** बिर्तामोड, झापा
पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

प्रफेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा

- सेक्युरिटी ट्रेनिङ्ग
- ड्राइभिङ ट्रेनिङ्ग

दक्ष प्रशिक्षकबाट तालिम गराइन्छ।
साथै रोजगारको अवसर समेत दिलाइन्छ।




फोन : ९८२५९३४०१७, ९८०४९०५३१३
स्थान : सुगम पेट्रोल पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क :
कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोट: यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## ठाकुर पोलिक्लिनिकमा विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914
Consultant Physician
समय: दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**डा. शम्भु नवल**
MBBS MS (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Lepeoscopic & Uro-Surgeon
समय: दैनिक बिहान ७-८ बजेसम्म

**डा. शशांकराज पोखरेल**
(MBBS) MD (Psychiatry) BPKIHS, Dharan
वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ
समय: प्रत्येक दिन दिउँसो ५ बजेपछि

**डा. लभराज लोहनी**
Fellowship Of Rheumatologist
(AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
समय: प्रत्येक बिहान ७-९ बजेसम्म, साँझ ५-६ बजे

**डा. केशव ढकाल**
MBBS MD (BPKIHS) Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समय : प्रत्येक दिन २ बजेपछि

**डा. विवेक रौनियार**
MBBS MD (Neuro Physician) NMC
वरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ
समय: प्रत्येक शनिबार मध्यान्न १२ बजेपछि

**डा. केशव मण्डल**
MBBS (BPKIHS) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक बिहान ८-१० बजे र साँझ ५ बजेपछि

**डा. अरुण फुयाल**
MBBS MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समय: दैनिक बिहान ७-८ बजेसम्म साँझ ५ बजेपछि

**डा. धीरज गिरी**
MBBS, MS (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
दैनिक सेवा

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

## विशेष छुटका साथ स्वास्थ्य जाँच सम्बन्धी सूचना

**डा. पिताम्बर ठाकुर**
MBBS, MD (TU) NMC-1914] Consultent Physician
ओ.पी.डी. ५०% छुट - पौष ४ गतेदेखि ७ गतेसम्म, ओ.पी.डी. २५% छुट- पौष ८ गतेदेखि १५ गतेसम्म
सुगर टेस्ट र पिसाब जाँच निःशुल्क, *पुस १ गतेदेखि १५ गतेसम्म*
भिडियो एक्स-रे, इसीजी, एक्स-रे, प्याथालोजी सेवामा २५% छुट, पुस १ गतेदेखि १५ गतेसम्म
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## UAE को SARJA TAXI मा नेपाली लाइसेन्स भएका ड्राइभरहरूलाई रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 1200/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

कम्पनी : SARJA TAXI CO.

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | TAXI DRIVER | 100 | 1500/- AED | ८ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

नोट: फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1000/- AED ग्यारेन्टी गरिन्छ। ट्याक्सी ड्राइभरको हकमा पहिला गएकाहरुले 4000/- AED भन्दा बढी कमाई गरिरहेका छन्।

फ्याक्ट्र हेल्परले अन्तरवार्ता यही पुस ९ गते शुक्रबार बिर्तामोडमा हुनेछ।

**सगुन ओभरसीज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९)

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यलिय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यपार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता र असन्तुष्टि बढेर जान्छ, छोटो दूरीको यात्रा हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** घरबाट कहीँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नु होला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** यथेष्ट धनलाभको योग छ, बोली तथा वाणीको प्रभावमा बृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बोल्दा विचार पुऱ्याउनु होला, नयाँ वस्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** तपाइंको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।